CCM
NEPAL

## बारम्बार सोधिने प्रश्न : सी.सी.एम. संगको संलग्नता

हालको ग्लोबल फन्ड आर्थिक सहयाता पद्धती अनुसार सी.सी.एम. ग्लोबल फन्डमा बजेट आवेदन पेश गर्ने तथा स्वीकृत बजेट कार्यक्रम संचालनको रेखदेख गर्ने मुख्य निकायको रुपमा निरन्तर कार्य गरिरहेको छ । तथापी यस फन्डिङ्ग पद्धतीले जवाफदेहिता, समुदाय तथा मुख्य समूहको अर्थपूर्ण संलग्नता तथा राज्यको अपनत्वका लागि स्थान प्रदान गर्दछ । यसप्रकार बजेट आवेदनको तालमेल तीनवटा रोगहरुको योजना तथा संचालन चक्र संग मिलेको हुनु पर्दछ । सी.सी.एम. ले समुदाय तथा मुख्य जनसांख्यिक समूहहरु बजेट आवेदन तथा कार्यान्वयनको क्षेत्रभित्रको प्रकृयामा संलग्न भएको कुरा पनि सुनिश्चित गर्नु पर्दछ । यसका साथै उल्लेखित समूहहरुको सहभागीता समिक्षा तथा राष्ट्रिय रणनीतिक योजनाको विकास गर्ने जस्ता वृहत राष्ट्रिय प्रकृयाहरुमा पनि सुनिश्चित गर्नु पर्दछ ।

एच.आई.भी. र टी.वी. को महामारी अन्त्य गर्ने तथा मलेरियाको उन्मुलन गर्ने दिशातर्फ रणनीतिहरु निर्माण गर्ने प्रकृयाको थालनी संगै सी.सी.एम. मा समुदायको संलग्नता अझ महत्वपूर्ण र रणनीतिक बनेको छ । अझ नयाँ ग्लोबल फन्ड रणनीति २०१७-२०२२ तथा दीगोपना, परिवर्तित हुने अवस्था तथा संयुक्त लगानी सम्बन्धी नयाँ नीतिको विकास संगै सी.सी.एम. मा समुदायको सहभागीताको वास्तविक र सम्भावित स्थानलाई तीनवटै रोगहरु सम्बन्धी कार्यक्रम र सेवा प्रवाहका लागि स्रोतको वकालत गर्न अधिकतम उपयोग गर्न सकिन्छ ।

समुदायको सहभागीताको यस्तो स्थानले रोग नियन्त्रण कार्यक्रम तथा राष्ट्रिय रणनीतिमा सी.आर.जी सम्बन्धी क्रियाकलापहरुलाई समावेश गर्न थप जोड दिने अवसर पनि प्रदान गर्दछ ।

## सी.सी.एम. भनेको के हो ?

सी.सी.एम. बजेट आवेदन बनाउने र बजेट कार्यक्रम संचालनको रेखदेख गर्ने मुख्य जिम्मेवारी बोकेको बहु सरोकारवालाहरु सम्मिलित राष्ट्रिय स्तरको निकाय हो । यसको अलावा बजेटको मुख्य ग्राही-पी.आर. (PR) को मनोनयन गर्ने, कार्यक्रम पुनः योजना गर्ने आवेदनको स्वीकृती दिने, तथा बजेट कार्यक्रम अन्य राष्ट्रिय स्वास्थ्य योजना तथा विकास कार्यक्रमसंग जोडिएको कुरा सुनिश्चित गर्ने जिम्मेवारी पनि सी.सी.एम. को हुन्छ ।

सी.सी.एम. मा रोगको प्रतिकार्यमा संलग्न विभिन्न सरोकारवालाहरुको प्रतिनिधित्व हुन्छ । यसमा सरकारी निकाय जस्तै स्वास्थ्य मन्त्रालय तथा रोग नियन्त्रण कार्यक्रम संचालकहरु, निजी क्षेत्र, नागरिक समाज, रोगबाट प्रभावित भएका वा रोगबाट ग्रसित समुदाय, शैक्षिक संस्था तथा अन्तर्राष्ट्रिय र मल्टिल्याटरल विकासका साझेदारहरुको प्रतिनिधित्व हुन्छ ।

सी.सी.एम. ले आफ्नो कार्य प्रभावकारी बनाउने कुरा सुनिश्चित गर्नका लागि स्वयं सांगठनीकरण गर्न सक्दछ । यसले विभिन्न क्षेत्रबाट अध्यक्ष तथा उपाध्यक्षको चयन गर्न सक्दछ । यसले निर्णय प्रकृयामा सुधार ल्याउन तथा सरकारी, गैह्र सरकारी, निजी तथा विकासका साझेदारहरुको प्रतिनिधित्व सुनिश्चित गर्नका लागि कार्य समिति, प्राविधिक समिति तथा कार्य समूहहरु गठन गर्न सक्दछ ।

हालको आर्थिक सहयोग प्रदान गर्ने पद्धतीले राष्ट्रिय स्तरमा सी.सी.एम. को नेतृत्वलाई अझ शसक्त बनाएको छ जसले राष्ट्रिय रणनीतिक योजना (एन.एस.पी) प्रकृयामा सी.सी.एम. को संलग्नतालाई अझ गहिरो बनाउन मद्धत पुऱ्याउँदछ। यसका साथै बजेट आवेदनको विकास, रोगको लागि बजेटको विनियोजन तथा बजेट कार्यक्रम संचालनका अन्य पक्षहरु सम्बन्धी समावेशी तथा बहु क्षेत्रीय राष्ट्रिय स्तरको अर्न्तक्रिया संचालन गर्नका लागि पनि सहयोग पुऱ्याउँदछ।

## सी.एस.ओ., समुदायका विभिन्न समूह तथा मुख्य जनसांख्यिक समूह सी.सी.एम. मा किन आवद्ध हुनु पर्दछ ?

नागरिक समाज, समुदाय तथा मुख्य जनसांख्यिक समूहको सहभागीतालाई रोक लगाउने राष्ट्रिय प्रकृया विद्यमान केही राष्ट्रहरुमा अवस्थीत सी.सी.एम. का लागि ग्लोबल फन्डबाट समुदाय तथा मुख्य जनसांख्यिक समूहको भूमिका सम्बन्धमा स्पष्ट सुझाव प्राप्त हुनेछ।

## सी.सी.एम. मा संलग्न भएर तपाईंले:

| | |
|---|---|
| १ | एच.आई.भी., टी.वी. र/वा मलेरियालाई सम्बोधन गर्ने राष्ट्रिय रणनीतिहरुमा प्रभाव पार्ने अवसर प्राप्त गर्न सक्नु हुनेछ। |
| २ | सी.सी.एम., राष्ट्रिय कार्यक्रम संचालनकर्ता तथा अन्य सरोकारवालाहरुलाई बजेट कार्यक्रमको प्रभावकारीता सुनिश्चित गर्न झकझक्याउन सक्नु हुनेछ (विशेष गरेर तीनवटा रोगको लागि विनियोजित बजेट मुख्य जनसांख्यिक समूहसम्म पुगे नपुगेको कुरा सुनिश्चित गर्न) |
| ३ | ग्लोबल फन्डको सहयोग प्राप्त कार्यक्रमहरुको संचालन को रेखदेख तथा अनुगमन गर्ने प्रणालीमा भाग लिन सक्नु हुनेछ। |
| ४ | एच.आई.भी., टी.वी. तथा मलेरिया कार्यक्रमको विकास, समिक्षा तथा सुधारका लागि विभिन्न सरोकारवालाहरुलाई संलग्न गराउन सक्नुहुनेछ (ग्लोबल फन्डबाट सोझै वा पुरै आर्थिक सहयोग प्राप्त नगरेका कार्यक्रमका लागि समेत) |
| ५ | एच.आई.भी., टी.वी. र/वा मलेरियालाई सम्बोधन गर्ने राष्ट्रिय रणनीतिहरुमा प्रभाव पार्ने अवसर प्राप्त गर्न सक्नु हुनेछ। |

## हाम्रो सामुदायिक संस्था सी.सी.एम. को प्रकृयामा सहभागी हुन ईच्छुक छ। के हाम्रो सी.सी.एम. समुदायका समूहहरुलाई संलग्न गराउनका लागि खुला छ भन्ने कुराको सुनिश्चितता छ ?

हालको आर्थिक सहायता प्रदान गर्ने पद्धतीमा केही सुधारहरु गरिएको छ जसका लागि नागरिक समाज, समुदायमा आधारित संस्थाहरु तथा मुख्य जनसांख्यिक समूह सञ्जालको वृहत संलग्नता तथा अर्थपूर्ण सहभागीता गराउनु पर्ने आवश्यकता छ। ग्लोबल फन्डको आर्थिक सहयोग प्राप्त गर्नका लागि सी.सी.एम. ले अनिवार्य रुपमा बहु सरोकारवालाहरुको सहभागीता तथा संलग्नता सुनिश्चित गर्नुपर्ने आवश्यकता पुरा गरेको हुनु पर्दछ। ग्लोबल फन्डले यी आवश्यकताहरुको पालना गरे नगरेको कुराको अनुगमन प्रत्येक वर्ष तथा प्रत्येक बजेट आवेदनका लागि गर्नेछ।

## आवश्यकताहरु यस प्रकार छन्

१ **आवश्यकता १ :** बजेट आवेदनको विकास गर्नका लागि वृहत, पारदर्शी तथा अभिलेखीकरण गरिएको प्रकृया अपनाउने । यसैगरी प्रस्तावित क्रियाकलापहरु तय गर्न र पुनरावलोकन गर्न बहु सरोकारवालाहरु(सी.सी.एम. सदस्य देखि गैह्र सी.सी.एम. सदस्यहरु- विशेष गरेर मुख्य जनसांख्यिक समूह तथा उच्च जोखिममा रहेका समूह) को सहभागीता गराउने

२ **आवश्यकता २:** बजेट आवेदनका लागि पी.आर. को छनौट खुला र पारदर्शी प्रकृयाबाट गर्ने

३ **आवश्यकता ३ :** स्वीकृत बजेट कार्यक्रमका लागि रेखदेख योजना(oversight plan)पेश गर्ने र लागु गर्ने । यस अन्तर्गत रेखदेख गर्ने क्रियाकलापहरुमा बहु सरोकारवालहरुको संलग्नता गराउनु पर्दछ । बहु सरोकारवालाहरुमा सी.सी.एम. सदस्य देखि गैह्र सी.सी.एम. सदस्यहरु (विशेष गरेर नागरिक समाज सम्बन्धी संस्थाहरु, गैह्र सरकारी संस्थाहरु तथा मुख्य जनसांख्यिक समूह) सम्म समावेश गरिनु पर्दछ ।

४ **आवश्यकता ४ :** सी.सी.एम. को सदस्यताले एच.आई.भी., टी.वी., र/वा मलेरिया बाट ग्रसित व्यक्तिहरु र त्यस्ता व्यक्तिका प्रतिनिधिहरुलाई संलग्न गराएको तथ्य प्रस्तुत गर्न सक्नु पर्दछ । यसैगरी ईपिडिमियोलोजी, लैंगिक तथा मानव अधिकारका हिसाबल मुख्य जनसांख्यिक समूहलाई प्रतिनिधित्व गर्ने व्यक्तिहरुको सहभागीता गराईएको तथ्य प्रस्तुत गर्न सक्नु पर्दछ ।

५ **आवश्यकता ५ :** सी.सी.एम. को गैह्र सरकारी संस्थालाई प्रतिनिधित्व गर्ने सदस्यहरु गैह्र सरकारी संस्थाहरुले आफैं विकास गरेको पारदर्शी तथा अभिलेखिकरण गरिएको प्रकृयाबाट आफैंले चयन गरेको कुरा सुनिश्चित गर्ने । सी.सी.एम. सदस्य संख्याको कम्तिमा ४० प्रतिशत सदस्यहरुको प्रतिनिधित्व गैह्र सरकारी संस्थाबाट हुनु पर्दछ ।

६ **आवश्यकता ६ :** Conflict of interest को लागि उपयुक्त प्रणालीलाई लागु गरिने तथा यसको पूर्ण अभिलेख गरिने कुरा सुनिश्चित गर्ने । यसका साथै सी.सी.एम. सदस्यहरुले आवधिक रुपमा आफु तथा अन्य सदस्यहरुलाई असर गर्ने conflict of interest :j: घोषणा गर्ने कुरालाई पनि सुनिश्चित गर्ने । सी.सी.एम. सदस्यहरुलाई अयलाष्अित या ष्लतभचभकत हुने निर्णयमा भाग लिनबाट बन्देज गरिएको छ ।

माथि उल्लेखित योग्यताहरु सी.सी.एम. ले आफ्नो जिम्मेवारी पुरा गर्न प्रभावकारी रहेको सुनिश्चित गर्ने केही न्यूनतम मापदण्डका आधारहरु पनि हुन् । उदाहरणका लागि सी.सी.एम. मा महिला र पुरुषको समान प्रतिनिधित्व हुनुपर्दछ, यसका विभिन्न क्षेत्रगत अंगहरु (constituencies) को विचार लिने तथा पृष्ठपोषण दिने स्पष्ट प्रणालीको व्यवस्था गरिएको हुनु पर्दछ, र सी.सी.एम. नेतृत्व (अध्यक्ष तथा उपाध्यक्ष) ले सी.सी.एम. को बहु सरोकारवाला प्रवृत्तिलाई प्रतिनिधित्व गर्न सक्नु पर्दछ । उल्लेखित आवश्यकता तथा मापदण्डहरु अनिवार्य हुने भएकाले सी.सी.एम. ले यसको पालना नगरेको खण्डमा आर्थिक सहायताको लागि योग्यता गुमाउन सक्दछ ।

---

## ग्लोबल फन्डले उल्लेखित आवश्यकताहरु पालना गरे नगरेको कुरा कसरी अनुगमन गर्दछ ?

ग्लोबल फन्डले उल्लेखित आवश्यकताहरु पालना गरे नगरेको कुरा वार्षिक योग्यता तथा कार्यक्षमता मूल्याङ्कन -ई.पी.ए.Annual eligibility and Performance Assessement(EPA) को माध्यमबाट वा प्रत्येक पटक सी.सी.एम. ले बजेट आवेदन पेश गर्ने समयमा गर्दछ ।

बजेट आवेदन पेश गर्ने समयमा आवश्यकता नं १ र २ पालना गरे नगरेको सम्बन्धमा सी.सी.एम. को मूल्याङ्कन गरिन्छ । वार्षिक ई.पी.ए. को नतिजा तथा राष्ट्रले अवलम्बन गर्ने आवेदन पद्धतीका आधारमा आवश्यकता पालना सम्बन्धी मूल्याङ्कन फरक फरक पद्धतीबाट गरिनेछ । नोट गर्नुहोस् यी दुई मूल्याङ्कन पद्धतीहरुले आवश्यकताहरुको पालना दर्शाउने लिखित दस्तावेजहरुलाई मात्र जनाउँदछ ।

१ **स्तरीय पद्धती(Standard approach)**-यस अन्तर्गत योग्यता सम्बन्धी स्तरीय व्याख्या र आवश्यकताहरुको पालना दर्शाउने दस्तावेज पर्दछन् ।

२ **हलुका पद्धती वा अत्यन्तै हलुका पद्धती(Light approach or super light approach)**-यस अन्तर्गत सी.सी.एम. ले आवश्यकताहरुको पालना सम्बन्धी विवरण पेश गर्नु पर्ने हुन्छ ।

आवश्यकता नम्बर १ को हकमा 'कार्यक्रमको निरन्तरता' वर्गको लागि योग्य राष्ट्रहरु हलुका पुनरावलोकन पद्धती अनुसार अगाडी बढ्नेछन् । आवश्यकता नम्बर २ का लागि हलुका पुनरावलोकन पद्धती राम्रो कार्यसम्पादन भएका पी.आर. हरुका लागि प्रयोग गरिनेछ । नयाँ पी.आर. तथा रोगको नयाँ अंग ( component) मा सहभागी हुने पी.आर. का लागि स्तरीय पद्धती अवलम्बन गरिनेछ ।

## नागरिक समाज सम्बद्ध समूह, सामुदायिक संस्थाहरु, मुख्य जनसांख्यिक समूह सञ्जालहरु कुन चरणमा संलग्न हुन सक्नेछन् ?

हालको आर्थिक सहायता प्रदान गर्ने पद्धतीले नागरिक समाज, सामुदायिक संस्थाहरु तथा मुख्य जनसांख्यिक समूह हरु सक्रियताका साथ संलग्न हुन सक्ने विभिन्न प्रणालीहरु प्रस्तुत गरेको छ । तपाईंको संस्थालाई परिचित गराउन तथा सी.सी.एम. प्रकृयामा सामेल हुने तपाईंको ईच्छा दर्शाउनका लागि तपाईंको सी.सी.एम. सचिवालयसंग समन्वय गर्नु अत्यन्तै महत्वपूर्ण हुन्छ । तपाईं प्रत्यक्ष रुपमा संलग्न हुन सक्ने केही प्रणालीहरुको उदाहरण तल प्रस्तुत गरिएको छ ।

१ बजेट आवेदन विकास गर्नका लागि आयोजना गरिने राष्ट्रिय स्तरको छलफल्को समयमा

२ राष्ट्रिय रणनीतिक योजनाहरुको विकास र समिक्षाका लागि कार्यक्रम संचालकहरुले आयोजना गर्ने समुदाय संगको अर्न्तक्रियाको समयमा

३ राष्ट्रिय टोलीको देश भ्रमणको समयमा तपाईंले फन्ड पोर्टफोलियो मेनेजरसंग छलफल गरी बैठकको लागि अनुरोध गर्न सकिन्छ कि भनी बुझ्न सक्नु हुन्छ ।

४ बजेट आवेदन विकास भैरहेको समयमा तपाईंले समुदायका लागि उपयुक्त हुने क्रियाकलापहरुको तथ्य दिन सक्ने कुरा जनाउन सक्नुहुन्छ ।

५ तपाईंले गैह्र सरकारी संस्थालाई प्रतिनिधित्व गर्ने गरी सी.सी.एम. को सदस्य हुन चाहेको कुरा सी.सी.एम. लाई जानकारी दिन सक्नुहुन्छ ।

६ तपाईंले सी.सी.एम. को बैठकमा सहभागीता जनाउन सक्नु हुन्छ र मुख्य जनसाँख्यिक समूह वा रोगबाट ग्रसित व्यक्तिहरुसंग सम्बन्धित क्रियाकलापरुको लागि अनुरोध गर्न सक्नुहुन्छ ।

७ तपाईंले आफ्ना भनाईहरु सी.सी.एम. मा राखिदिनका लागि सी.सी.एम. मा सहभागी तपाईंको समुदायका प्रतिनिधिहरु संग सम्पर्क गर्न सक्नुहुन्छ ।

## हाम्रो सी.सी.एम. सचिवालयले मेरो संस्था सी.सी.एम. मा सहभागी हनु सक्दैन भनेको अवस्थामा मैले के गर्नु पर्दछ ?

ग्लोबल फन्ड सचिवालयले सी.सी.एम. हरुको कार्यसम्पादनको मूल्याङ्कन नियमित रुपमा गर्दछ जस अन्तर्गत सी.सी.एम. ले योग्यता सम्बन्धी आवश्यकता र न्यूनतम मापदण्डको पालना गरे नगरेको कुरा हेरिन्छ। तपाईंको सी.सी.एम. सचिवालयलाई उल्लेखित आवश्यकता र न्यूनतम मापदण्डको पालना गर्न अनिवार्य रहेको कुराको जानकारी दिनु महत्वपूर्ण हुन्छ । समुदाय तथा मुख्य जनसांख्यिक समूहरुसंग उपयुक्त तरिकाले परामर्श गरिएको कुरा सुनिश्चित गर्नका लागि सक्रियताका साथ सी.सी.एम. मा सहभागी हुनुहोस् । यसको अलावा समुदाय तथा मुख्य जनसांख्यिक समूहसंगको परामर्श योग्यताको आवश्यकता रहेको कुरा सी.सी.एम. लाई सूचित गराउनुहोस् । सम्भव भएमा तपाईं आफैंले आफ्नो समुदायसंगको छलफल/अर्न्तक्रिया आयोजना गर्न सक्नुहुन्छ र त्यसको नतिजा तथा दस्तावेजहरु सी.सी.एम. लाई प्रस्तुत गर्न सक्नुहुन्छ ।

यसको अलावा ग्लोबल फन्डले योग्यता सम्बन्धी आवश्यकता तथा न्यूनतम मापदण्ड कसरी पूरा गर्ने सम्बन्धमा निर्देशिकाहरुको विकास गरेको छ । यी निर्देशिकाहरु, अतिरिक्त शुशासनका मापदण्डहरु तथा सुझावहरु सी.सी.एम. लाई आफ्नो जिम्मेवारी पूरा गर्नका लागि सघाउने हेतुले यहाँ समावेश गरिएका छन् । तपाईंले यी निर्देशिकाहरु यहाँ डाउनलोड गर्न सक्नुहुन्छ । तपाईंले आफ्नो सी.सी.एम. लाई निर्देशिकाहरुको पालनामा थप सुधार ल्याउन ग्लोबल फन्ड सचिवालयबाट प्राविधिक सहयोग लिनका लागि उत्प्रेरित गर्न सक्नुहुन्छ ।

तपाईंको प्रयाशको वावजुद तपाईंको सी.सी.एम. ले अझै सी.एस.ओ., समुदाय तथा मुख्य जनसांख्यिक समूह लाई सहभागी गराउन ईन्कार गरेको खण्डमा तपाईंले आफ्नो समस्या ग्लोबल फन्ड सचिवालयमा राख्न सक्नुहुन्छ । (ईमेल : ccm@theglobalfund.org, फ्याक्स : +41 58 7911701. तपाईंले पत्राचार गर्दा CCM Hub, "Attention CCM Hub" लाई सम्बोधन गर्नुहोस् )

## मैले हाम्रो सी.सी.एम संग कसरी सम्पर्क गर्ने ?

ग्लोबल फन्डले सी.सी.एम. सम्पर्क व्यक्ति, अधिकृत तथा सदस्यहरुको अनलाईन डाईरेक्टरी प्रकाशित गर्दछ र यसमा यस्तै प्रकृतिका बहु राष्ट्रिय कार्यक्रमका लागि स्थापित समन्वय संयन्त्रहरुपनि समावेश हुन्छन् ।